मिति : २०७८/०४/२८ गते

समय : बिहान ११:०० बजे

आज मिति २०७८/०४/२८ गते यस चौरजहारी नगरपालिका नगर शिक्षा समितिका अध्यक्ष तथा नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा नगर शिक्षा समितिको बैठक बसी तपसिल बमोजिमका महानुभावहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

श्री विशाल शर्मा - अध्यक्ष

श्री राम बहादुर के.सी. - सदस्य

श्री गोपाल भण्डारी - सदस्य

श्री देवी खड्का - सदस्य

श्री सपना कार्की - सदस्य

श्री सुदास स्वर्णकार - सदस्य

श्री सुनिता डाँगी ओली - सदस्य

श्री भीम बहादुर ओली - सदस्य

श्री यदु राना - सदस्य

श्री यामराज मल्ल - सदस्य

श्री टिकाजंग ओली - सदस्य सचिव

आमन्त्रित

श्री राधा रोका - नगर उपप्रमुख

## (क)प्रस्तावहरु

प्रस्ताव नं.१-करार शिक्षकहरु तथा बालविकास सहजकर्ताहरुको करार सम्झौता नवीकरण सम्बन्धमा,

प्रस्ताव नं. २ - रिक्त दरबन्दीमा पदपूर्ति सम्बन्धमा,

प्रस्ताव नं. ३ - शिक्षक सरुवा सम्बन्धमा,

प्रस्ताव नं. ४ - सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ५ - रिक्त प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धमा,

प्रस्ताव नं. ६ - विद्यालय तहको कक्षा सञ्चालन तथा पठनपाठन सम्बन्धमा,

प्रस्ताव नं. ७ - विविध ।

## (ख)निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत नगर करार शिक्षक र बालविकास सहजकर्ताहरुको मिति २०७९ असार मसान्तसम्म म्याद थपका लागि सम्बन्धित विद्यालयबाट आएका सिफारिस र शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरी कार्य सम्पादन सन्तोषजनक रहेका शिक्षकहरुको म्याद थप गर्ने र कार्य सम्पादन स्तर सन्तोषजनक नभएका शिक्षकहरुको करार सम्झौता नवीकरण गर्ने वा नगर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखालाई दिने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त रहेका तथा यस नगरपालिकाको आ.व. २०७८/०७९ मा स्वीकृत नीति तथा कार्यक्रम र बजेटमा थप व्यवस्था गरिएका शिक्षक/कर्मचारीहरुको दरबन्दीमा प्रक्रिया बमोजिम पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न विद्यालयमा विभिन्न तह र विषयमा कार्यरत शिक्षकहरुको नगर शिक्षा ऐन तथा नियमावलीको प्रावधान अनुरुप सरुवा तथा काज सरुवा गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा छलफल यस नगरपालिकामा सञ्चालन भई हाल निस्कृय रहेको कीर्तिखम्बा सामुदायिक केन्द्र कोटजहारीलाई पुनः सञ्चालन गर्ने र लेकवेशी सामुदायिक सिकाई केन्द्र विजयश्वरीलाई चौरजहारी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा स्थानान्तरन गरी व्यवस्थापन गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा विभिन्नं कारणबाट रिक्त हुन गएका प्रधानाध्यापक पदहरुमा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका शिक्षकहरुलाई प्रक्रिया बमोजिम प्रधानाध्यापक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल गर्दा कोभिड-१९ का कारण विगत लामो समय देखी विद्यालय तहको पठनपाठन भौतिक रुपमा सञ्चालन हुन सकेको छैन,. प्रधानाध्यापक तथा शिक्षकहरुले पठनपाठनका लागि गरेका विभिन्न प्रयासहरुं सह्रानिय छन् । हाल पूर्ण भौतिक रुपमा विद्यालय सञ्चालन गर्न सक्ने परिस्थिति नभएका कारण प्रत्येक १० दिनमा फरक-फरक कक्षाका बढीमा २५ जना विद्यार्थी विद्यालयमा बोलाई सिकाई सहजीरकण गरी १० दिनका लागि गृहकार्य दिने वा शिक्षकहरुं प्रत्येक टोल-टोलमा गई सिकाई सहजीरकण गर्ने वा अन्य कुनै उपयुक्त वैकल्पिक विधि अपनाई सहजीकरण गर्ने सन्दर्भमा विद्यालयले आफ्नो अनुकुलता र उपयुक्तताका आधारमा सिकाई क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ मा छलफल गर्दा आ.व. २०७७/०७८ मा दिवा खाजा कार्यक्रम अन्तर्गतको बजेटबाट यस नगरपालिकाले ठेक्का मार्फत खरिद गरेको दिवाखाजाका लागि खाद्य सामग्री कोभिड-१९ का कारण हाल भौतिक रुपमा विद्यालयमा पठनपाठन हुन नसक्ने अवस्थाका कारण मूल्यसूची निर्धारण गरी नगरपालिकाले सञ्चालन गरेको सुपथ मुल्य पसलबाट बिक्री वितरण गर्ने र सो बापत आम्दानी रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ मा छलफल गर्दा भौतिक रुपमा विद्यालय सञ्चालन हुन नसक्ने वर्तमान अवस्थामा आ.व. २०७७/०७८ मा यस नगरपालिकाद्धारा ठेक्का मार्फत खरिद गरेको सेनिटरी प्याड विद्यालयमा थन्किरहेको हुँदा सो सेनिटरी प्याड सम्बन्धित विद्यालयहरुले प्रयोग गर्ने छात्राहरुलाई विद्यालयमा बोलाई वितरण गर्न निर्देशन गर्ने निर्णय गरियो ।

बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।